# उर्लाबारी नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन-२०७२



**मिति: २०७३।०३।२०**

**स्थान: उर्लाबारी बौद्ध गुम्बाको सभाहल**

# १. परिचय

## १.१ पृष्ठभुमी

मानव सभ्यता संगै निर्णय प्रक्रिया र त्यसको कार्यान्वयन प्रक्रिया एवं सोको लागि नै शासन भन्ने कुराको थालनी भएको हो । सरकार भनेको शासनको औपचारिक पात्र हुन् । अरु पात्र सरकारको तहमा भर पर्दछ । वर्तमान सन्दर्भमा शासन र सुशासन भने दुईवटा शव्द विकास साहित्यमा निकै नै चर्चा हुने गर्दछ । हाम्रो समाजमा खरावको मुख्य कारक तत्वको रुपमा कुशासन पनि चर्चामा आई रहेका हुन् । तथापी शुसासन पनि प्रवल भएर आएको छ । शुसासनमा मूख्यत निम्न लिखित ८ वटा विशेषताहरु हुने गर्दछ ।

- ✓ जवाफलदेहिता
- ✓ जिम्मेवारी
- ✓ पारदर्शीता
- ✓ सहभागिता
- ✓ सहमतिउन्मुख
- ✓ कानुन सम्मत
- ✓ समता र समावेशी
- ✓ प्रभावकारी र निपूर्णता

माथिका ८ वटा शुसासनका विशेषताले कुनै पनि संस्थालाई प्रजातान्त्रिक, सेवा प्रवाह, कानुन सम्मत र भ्रष्टाचार मुक्त बनाउदछ । तथर्स जनताको नितान्त निकटतम सम्वन्ध रहेको स्थानीय निकायको लागि शुसासन कायम गर्नु अपरिहार्य नै छ ।

स्थानीय निकायबाट प्रदान गरिने सेवा सुविधाहरु सेवाग्राही माझ उचित ढंगले पुगेको छ कि छैन त्यसको मापनको कडि पनि माथिका शुसासनको वुंदाले नै निर्धारण गर्दछ । तिनै आठ विशेषताको सैद्धान्तिक पक्षमा टेकेर शुसासन कायम गर्न गरिने एउटा विधि हो सार्वजनिक सुनुवाई कार्यक्रम ।

स्थानिय निकायले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय निकायका पदाधिकारीहरु तथा सरोकारवाला नागरीकबीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरीकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरीकको सहभागितालाई प्रवर्द्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरु जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ । सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरु सच्याउन मद्दत गर्दछ । यसरी सार्वजनिक सुनुवाईले

जिम्मेवार पदाधिकारीहरुलाई निरन्तर नागरीकहरुप्रति जवाफदेही हुन र पारदर्शी रुपमा शासन सञ्चालन गर्न समेत उत्साहित गर्दछ ।

सार्वजनिक सुनुवाईमा सार्वजनिक चासोका बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा अपेक्षा गरेका सुधारहरु समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरुबाट उक्त सुधारहरु हासिल गर्ने संभावनाहरुको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार हुन्छ । यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ ।

यस प्रकृयालाई ध्यानमा राखि उर्लावारी नगरपालिकाको कार्यालयले सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा मिति २०७३ असार २० गते सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रम समन्वयको जिम्मेवारी ईन्द्रेणी यफ.यम लाई दिईएको थियो । स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम संयोजकले सेवाग्राहीले सेवा सुविधाको प्राप्तिपछि कार्यालयबाट बाहिर निस्किने सेवाग्राहीको अभिमत (बहिर्गमन अभिमत), सेवा लिंदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरुलाई उल्लेख गरी पृष्ठपोषण गर्ने पद्धति (नागरीक प्रतिवेदन पत्र) अनुसारको प्रतिवेदन र नागरीक वडापत्रको आधारमा सार्वजनिक सेवा प्रवाह सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको थियो ।

उक्त सार्वजनिक सुनुवाई कार्यक्रमका उद्देश्य नागरीक र नगरपालिकाको बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरीकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको थियो । सार्वजनिक सुनुवाइ स्थानीय बासिन्दाको स्थानीय निकायको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार हो जुन उर्लावारी नगरपालिकाले गर्दै आएका छ ।

## १.२ कार्यक्रमको उद्धेश्य

यस प्रकारको सार्वजनिक सुनुवाई कार्यक्रमले देहाय वमोजिमको उद्देश्य प्राप्त हुने लक्ष्य राखेको छ ।

- ✓ सेवाग्राही र सेवाप्रदायक विचको खाडल कम गर्न सहयोग मिल्ने ।
- ✓ सेवाग्राही र सेवाप्रदायक विचको असमझदारी तथा समन्वयको कमिको खाडललाई अत्याधिक मात्रामा न्यून गरी योजना तर्जुमा देखि कार्यान्वयन, अनुगमन, मूल्यांकन सम्म नै समन्वय सहभागि एवं समझदारीको साथै पारदर्शिता र जवाफदेहिता, जिम्मेवारीको वोध गराउने छ ।
- ✓ विगतमा भएका क्रियाकलापबाट पाठ सिकी आगामी दिनमा हुने क्रियाकलाप तथा योजना कार्यक्रममा कमी कमजोरी अत्यन्त न्यून हुनेछ ।
- ✓ सेवाग्राहीबाट सेवाप्रदायको नीति कार्यक्रम तथा योजनाको सुशुचित हुनेछ ।

- ✓ अन्तरक्रिया एवं सुनुवाईबाट एक आपसको वैमनस्य एवं शंका उपशंकाको घेरा तोड्ने र पुन: सुमुधुर मैत्री पूर्वक कार्य गर्न सकिने छ ।
- ✓ शुसासन कार्यम गर्न सहयोग पुग्नेछ ।
- ✓ स्थानीय स्वायत्त शासन ऐन, २०५५, तत् सम्वन्धी नियमावली २०५६ र शुसासन ऐन २०६४ समेतलाई मध्यनजर राखी मन्त्रालयद्धारा गरिने न्यूनतम शर्त तथा कार्यसम्पादन मूल्यांकन (MCPM) मापदण्ड पुरा गर्न मद्धत पुग्ने छ ।

## २. विधि

## २.१ समन्वय तथा प्रचार प्रसार :

उर्लावारी नगरपालिका कार्यालयका कर्मचारी तथा विषयगत कार्यालयहरुसँग समन्वय गरी कार्यक्रमको पूर्व तयारी तथा कार्यक्रमको जानकारी गराईको थियो । सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाउनका लागि स्थानीय स्तरमा सुचना तथा पत्राचार गरिएको थियो । स्थानीय स्तरमा रहेका पत्रपत्रिका तथा एफ.एम बाट समेत आम संचार गरिएको थियो ।

## २.२ सूचना तथा राय संकलन

### क) बहिर्गमन अभिमत :

उर्लावारी नगरपालिकाको कार्यालयबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरीकमध्येबाट आकस्मिक नमुना छनौट विधि प्रयोग गरी ५० जनालाई बहिर्गमन अभिमत सूचना संकलन गरिएको थियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुत गरियो । यसरी बहिर्गमन अभिमतका लागि छनौटमा परी अभिमत दिने सबै ५० जनालाई सार्वजनिक सुनुवाईमा भाग लिन निमन्त्रणा दिइएको थियो ।

### ख) नागरीक प्रतिवेदन पत्र

नागरीक प्रतिवेदन फारामको प्रयोग गरी नगर भित्रका ५० जना सेवाग्राहीबाट सूचना संकलन गरिएको थियो । नागरीक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । संकलित सूचनाको विश्लेषणलाई सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको थियो । नागरीक प्रतिवेदनमा भाग लिएका सम्पूर्ण उत्तरदातालाई समेत कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

### ग) नागरीक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन

नागरीक वडापत्रमा उल्लेख गरिएको समय तालिका अनुसार सेवा प्रवाह भए नभएको एकिन गरी त्यसबाट प्राप्त नतिजालाई सार्वजानिक सुनुवाईका दिन प्रस्तुत गरिएको थियो ।

## ३. नतिजाहरु

## ३.१ वहिर्गमन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण

| सि.नं. | सेवाको नाम | सेवाको मूल्याङ्कन संख्यामा | | |
|---|---|---|---|---|
| १. | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा के–कस्तो थियो ? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| | | २९ | ११ | ० |
| २. | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | थोरै |
| | | ३ | ४३ | ४ |
| ३. | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार | ठीकै | अभद्र/अमर्यादित |
| | | १६ | ३४ | ० |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरू (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| | | ४ | ४५ | १ |
| ५. | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | सजिलो तरिकाबाट | ठीकै | समाधान दिन सकेनन् |
| | | ७ | ३३६ | ७७ |
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | अति सजिलो (छोटो) | ठीकै | लामो |
| | | ३ | २८ | १९ |

## ३.३ नागरीक पत्रमार्फत् प्राप्त प्रतिक्रिया र अवस्था :

नागरीक पत्र अभिमतबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रस्तुत गरीएको अभिमतमा राम्रो अवस्था गर्नको लागि नगर पालिकाले कम आएको उत्तरमा अलि बढी काम गर्न जरुरी देखिन्छ ।

| सि.नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|---|
| १. | सेवाको सन्तुष्टि | तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ७ | ३४ | ९ |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ४ | ३८ | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | सेवाको नियमितता | नागरीक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ४ | ३५ | ११ |
| | | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीक | अविश्वस्त |
| | | | ६ | ३६ | ८ |
| | | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? | तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| | | | ५० | ० | ० |
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ? | १ दिन | २ दिन | धेरै दिन |
| | | | ११ | ८ | ३१ |
| ३. | सेवाप्रतिको जनविश्वास | यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीक | अविश्वस्त |
| | | | ५ | ३९ | ६ |
| | | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ? | धेरै | ठीक | गरेको छैन, विश्वास छैन |
| | | | ११ | २४ | १५ |
| | | यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै | ठीक | विश्वास छैन |
| | | | ३ | ४६ | १ |
| | | यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ? | छ | छैन | अलिअलि छ |
| | | | ७ | २६ | १७ |
| ४. | सेवाको गुणस्तर | यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
| | | | २२ | २७ | १ |
| | | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफै | गाउँका ठूलाबडा को | मध्यस्थकर्ता का |
| | | | ४४ | ४ | २ |
| | | यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो | १ पटक | २ पटक | सो भन्दा बढी |
| | | | २२ | १३ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सेवा सम्बन्धी जानकारी | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | अति राम्रो | ठीक | नराम्रा |
| | | | २२ | २८ | ० |
| | | कार्यालयमा भएको नागरीक बडापत्र बारे तपाईलाई जानकारी छ ? | छ | आंशिक छ | कुनै जानकारी छैन |
| | | | २७ | २० | ३ |
| | | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ? | अति राम्रो | ठीक | खासै राम्रो छैन |
| | | | ३० | १९ | १ |
| | | जिविस, नपा मा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? | २० प्रतिशत जति | ५० प्रतिशत भन्दा कम | थाहा छैन |
| | | | २० | २० | १० |
| | | जिल्ला, नगर परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ? | छ | ठीकै छ | प्रतिनिधित्व साह्रै कम छ |
| | | | १९ | २३ | ८ |
| ६. | नागरीक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा | तपाईको विचारमा सेवाप्रदायकहरूले नागरीक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | धेरै | कम | गरेका छैनन |
| | | | ५ | ४० | ५ |
| | | तपाईको विचारमा सेवाप्रदायकहरूले नागरीक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | धेरै | ठीक | अति कम |
| | | | ० | २६ | २४ |
| | | तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै | ठीक | छैन |
| | | | २ | २५ | ३२ |

## प्रश्नावली भाग – २
## नागरिक प्रतिवेदन पत्र
### १. सिफारिस सम्बन्धी







१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफैं ( २७) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे ( १८) नेता /ठूलाबडा (५ )




### २. पूर्वाधार तथा सरसफाई सम्बन्धी






**२.३ तपाईको विचारमा जि.वि.स./न.पा./गा.वि.स. ले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?**




**२.४ तपाईको गाविस/नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**




२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

प्रभावकारी छन् ( १०) ठीकै छन् ( ३०) प्रभावकारी छैनन् ( १०)

२.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज ( २०) ठीकै (२५ ) अप्ठ्यारो ( ५)

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन (५०) मागेरै लिन्छन् ( ०) रकम नदिए अप्ठ्यारो पार्छन् ( ०)

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलै पाइयो (१५ ) कहिले काँही पाइयो ( ३०) माग गर्दा पनि पाइएन (५ )

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

सजिलै पाइन्छ (१० ) सोधेपछि पाइन्छ (२५ ) सोधेपनि पाइदैन (१५ )

२.१० स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?

पालना भएको छ (५ ) ठीकै पालना भएको छ (४० ) कत्ति पनि पालना भएको छैन ( ५)

२.११ योजना सञ्चालन गर्दा जि.वि.स./न.पा./गा.वि.स. वाट कत्तिको सहयोग पाउनु भएको छ ?

धेरै सहयोग पाएको छु ( १०) ठीकै सहयोग पाएको छु ( ३५) निरुत्साहित गरिन्छ ( ५)

३. यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध (५ ) कम श्रोत उपलब्ध (३५ ) अति कम श्रोत उपलब्ध (१० )

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल ( २५) ठीकै ( २२) जटिल ( ३)

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ (४० ) आवश्यकता भन्दा कम छ ( ५) सीप निकै कम छ ( ५)

३.४ जि.वि.स./न.पा./गा.वि.स. को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

टाँसेको देखेको छु (५ ) कहिले काँही टाँसेको देखिन्छ (३० ) खै कतै देखिएन ( १५)

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ (१० ) ठीकै मूल्यांकन हुने गरेको छ ( १०) कहिले पनि भएको थाहा छैन (३० )

३.६ वर्तमान् कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ३०) ठीकै ( १८) कुनै जानकारी छैन ( २)

४. पारदर्शिता सम्वन्धी

४.१ जि.वि.स./न.पा./गा.वि.स. मा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

१ वटा ( २५) २ वटा ( २०) कार्यक्रम बारे कुनै जानकारी नै छैन (५ )

४.२ जि.वि.स./न.पा./गा.वि.स. मा अहिले सम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

धेरै (५ ) कम (३० ) भएकै छैन (१५ )

४.३ जि.वि.स./न.पा./गा.वि.स. मा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

भएको छ ( २०) अहिलेसम्म सञ्चालन भएकै छैन( १०) कार्यक्रम बारे कुनै जानकारी नै छैन (२०)

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ?

धेरै ( १०) ठीकै ( ३०) कम (१० )

४.८ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

संयन्त्र बनेको छ (५ ) कुनै संयन्त्र बनेको छैन ( ३०) कुनै जानकारी नै छैनं ( १५)

४.९ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु ( १५) ठीकै जानकारी पाएको छु ( २०) कम जानकारी पाएको छु ( १५)

## ४.१ कार्यक्रमको विवरण

कार्यक्रमको अध्यक्षता : श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत)
कार्यक्रम स्थान : बौद्ध गुम्वा उर्लावारी १
कार्यक्रमका अतिथिहरु : राजनैतिक दलका प्रमुखहरु
समय : २ बजे देखि ६.०० सम्म
मिति: २०७३ असार २० गते, सोमवार ।

०७३ असार २० गते बौद्ध गुम्वामा आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रम नगरपालिकाका कार्यकारी प्रमुख श्री सुवास श्रेष्ठको अध्यक्षतामा सम्पन्न भयो । यस कार्यक्रमलाई तीन चरणमा विभाजन गरिएको थियो ।

पहिलो चरणको संचालन ईन्द्रेणी यफ.यम का अर्जुन राजवंशीले गर्नु भएको थियो । कार्यक्रम तालिका अनुसार अतिथिहरुको आशन ग्रहण गराउनु भएको थियो । स्थानीय सरोकारवाला , एकिकृत योजना तर्जुमा समितिका पदधिकारीहरु ,वडा नागरीक मञ्चका संयोजकहरु लगायत सदस्यहरु, नागरिक सचेतना केन्द्रका सहभागीहरु, नगर सामाजिक समन्वय समितिका सदस्यहरु, स्थानिय वुद्धिजिवि, सुरक्षा निकाय, विभिन्न संघ सस्था, उपभोक्ता समिति, संचारकर्मी पत्रकारहरु, लक्षित वर्गका प्रमुख तथा प्रतिनिधिहरु तथा उपस्थित जन समुदायलाई नगरपालिकाको तर्फबाट कार्यलय प्रमुखले सहभागीहरुलाई स्वागत गर्नुको साथै तेस्रो चौमासिकमा भएको प्रगति पेश गर्नु भएको थियो ।

दोस्रो चरणको कार्यक्रममा कार्यक्रमको समन्वयको जिम्मा पाएको ईन्द्रेणी यफ.यम को तर्फवाट अर्जुन राजवंशीले सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्य र कार्यक्रमको आचार संहिता बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा बहिरगमन र नागरीक प्रतिवेदनबाट आएको परिणामको साराशं प्रस्तुती गरेएको थियो ।

कार्यक्रमको तेस्रो चरणमा प्रश्न उत्तर कार्यक्रमको सचांलन गरीएको थियो । कार्यक्रमका संचालक अर्जुन राजवंशीले सहभागी हरुलाई प्रश्न सोध्न भन्नु भएको थियो । हात उठाएका तथा कार्डमा नाम लेखेका सहभागीहरुलाई क्रमश सबैलाई प्रश्न सोध्ने मौका प्रदान गरीएको थियो । महिला , पुरुषहरुले आ-आफना प्रश्नहरु राखेका थिए । तपशिल बमोजिमका व्यक्तिहरुले प्रश्न सोधे र उत्तर कार्यालय प्रमुख एवम् राजनैतिक दलका प्रमुखहरुले दिनु भएको थियो ।

## ४.२ कार्यक्रममा को आचार संहिता :

- ✓ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
- ✓ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।
- ✓ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

- ✓ सेवाग्राही सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले वुदागत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।
- ✓ आफुभन्दा पहिलेका सहभागीले बोलेका कुराहरु दोहोरयाउन जरुरी हुनेछैन ।
- ✓ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
- ✓ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषको प्रयोग गर्न पाइनेछैन ।
- ✓ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनावाट भनाई राख्न वा वोल्न पाइनेछैन ।
- ✓ सुनुवाईलाई बिथोल्ने प्रयास कतैवाट भएको पाइएमा सवै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नुसवैको कर्तव्य हुनेछ ।
- ✓ सुनुवाई विषयान्तर हुनवाट रोक्न सवै सहभागी सचेत हुनुपर्नेछ ।

## ४.३ कार्यक्रममा कार्यकारी अधिकृत ज्यूबाट पेश भएको नगरपालिकाको प्रगति :

क) उर्लावारी नगरपालिकामा संचालित विकास आयोजनाहरु :

| क्र.स | आयोजनाको नाम | सम्फौता मिति | अनुमानित लागत | नगरपालिका | उपभोक्ता समिति | अन्य | जम्मा लाभान्वित |
|---|---|---|---|---|---|---|---|
| १. | उर्लावारी ६ पुर्व पश्चिम लोकमार्गवाट वडा नं. ७,८,९ सम्म कृषी मार्ग कालोपत्रे | २०७२।११।२ | ५८,२८,६०० | १९,१४,३०० | १९,१४,३०० | ० | ११३० |
| २. | उर्लावारी ६ जनचेतना मार्ग कालो पत्रे | २०७२।११।०३ | २२,००,००० | ११,००,००० | ११,००,००० | ० | ७६० |
| ३. | उर्लावारी १ वाट उत्तर तर्फ खोर्सानी बारी जाने दुवै तर्फ ड्रेन निर्माण भएको तरुन चौक सम्म को बाटो कालोपत्रे (क) | २०७२।८।२९ | ४३,००,००० | २३,००,००० | २०,००,००० | ० | ८५० |
| ४. | उर्लावारी १ वाट उत्तरतर्फ खोर्सानीवारी हुदै तरुन चौक सम्म ड्रेन निर्माण भएको तरुन चौक सम्म को बाटो कालोपत्रे (ख) | २०७२।१०।२४ | ४३,००,००० | २३,००,००० | २०,००,००० | ० | ६८० |
| ५. | स्कुलडाडा फागुचोक हुदै मधुमल्ला सडक सम्म कालो पत्रे एवम् ड्रेन निर्माण | २०७२।१०।१३ | ६८,२८,८०० | २९,१४,१४०० | २९,१४,४०० | १०,००,००० | १०३० |
| ६. | पुर्व पश्चिम लोकमार्ग उत्तर उर्लावारी खानेपानी जाने बाटोको दुवै तर्फको ड्रेन निर्माण तथा कालो पत्रे | २०७२।८।२७ | ५८,२८,६०० | २९,१४,३०० | २९,१४,३०० | ० | ८८० |
| ७. | उर्लावारी बरगाछी बाट स्कुलडाडा (पुर्व पश्चिम लोक मार्ग) | २०७२।१०।०३ | ३०,००,००० | १५,००,००० | १५,००,००० | ० | १०४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | कृपया चोक वाट गोल चोक हुदै सुनफ्मोडा जाने बाटो ड्रेन निर्माण | २०७२।१२।२८ | २०,००,००० | १०,००,००० | १०,००,००० | ० | ५६० |
| ९. | वडा नं. ४ सेवा सदनवाट प्रश्तावित रिङ्ग रोड जाने वाटो | २०७२।१०।०३ | ५,००,००० | २,५०,००० | २,५०,००० | ० | ३८० |
| १० | इटहरा रोडबाट पारसमणी घिमिरेको घर हुँदै रिङ्ग रोडसम्म जोड्ने बाटोको ड्रेन निर्माण | | | | | | |
| ११ | मंगलवारे स्टेण्डबाट सिमसार सम्म जाने बाटोको ड्रेन निर्माण | २०७२।१०।१८ | १४,००,००० | ७,००,००० | ७,००,००० | ० | ९१० |
| १२ | वडा नं७ देविफ्मोडा तेली खोलामा स्लाव कल्भर्ट निर्माण | २०७२।१०।१३ | १०,००,००० | ५,००,००० | ५,००,००० | ० | ११७० |
| १३ | सुकेहोलीमा कज्वे निर्माण वडा नं ९रियन्द्र थापाको घर हुदै प्रश्तावित रंगशाला जाने वाटो | २०७२।१२।१८ | १०,००,००० | ५,००,००० | ५,००,००० | ० | ७८० |
| १४. | क्याम्पस जोड्ने वाटो क्षेत्र ड्रेन निर्माण | २०७२।१२।१९ | ८,३४,००० | ५,००,००० | ३,३४,००० | | २५० |
| १५. | आश्रम चोक देखि उर्लावारी फ्मुम्राहा वस्ति सिमाना सम्म ग्रवेल मर्मत सम्हार गर्ने (सडकवोर्ड) | २०७२।११।११ | ११,२४,२७३।२८ | | ३,३७,२४१।९८ | ७,८६,९९१।३० | ९६० |
| १६. | वडा नं. ६ देखि वडा नं. ८ सम्म जाने शिवालय मार्ग ग्रवेल मर्मत सम्हार | २०७२।१२।१४ | ६,९३,४४७।१२ | | २,०८,१२४।१२ | ४,८५,६२३ | ९३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७. | वडा नं. ८ सिद्धार्थ गुम्वा देखि सुनफ्मोडा सामुदायिक बन उपभोक्त समुह बाटो मर्मत | २०७२।१२।१८ | ६,१०,५५१।०३ | | १,८३,१६५।३३ | ४,२७,३८५।७० | ३६० |
| १८. | चिल्ड्रेन पार्क निर्माण | २०७२।१२।५ | १०,००,००० | १०,००,००० | | | ३६० |
| १९. | उद्योग बाणिज्य सँघ बाटो कालोपत्रे | २०७२।१२।२८ | १७,९०,००० | | ८,९५,००० | ८,९५,००० | ७३० |
| २० | शान्ति मार्ग ड्रेन निर्माण | २०७३।२।१२ | ३,१२,५०० | २,५०,००० | ६२,५०० | | |

ख) वडागत योजना कार्यन्वयन :

| क्र.स. | वडा नं. | आयोजना सङ्ख्या | नगरपालिका वजेट | उपभोक्त समिति बजेट | जम्मा |
|---|---|---|---|---|---|
| १. | वडा नं. १ | ८ | ५,००,००० | १,२५,००० | ६,२५,००० |
| २. | वडा नं. २ | ६ | ३,५०,००० | ८,७५,०० | ४,३७,५०० |
| ३. | वडा नं. ३ | ४ | ४,००,००० | ८७,००० | ४,८७,००० |
| ४. | वडा नं. ४ | ८ | ५,००,००० | १,२५,००० | ६,२५,००० |
| ५. | वडा नं. ५ | ६ | ५,००,००० | १,३७,५०० | ६,३७,५०० |
| ६. | वडा नं. ६ | १० | ५,००,००० | १,२५,००० | ६,२५,००० |
| ७. | वडा नं. ७ | ६ | ५,५०,००० | १,०५,००० | ६,५५,००० |
| ८. | वडा नं. ८ | ८ | ५,००,००० | १,२५,००० | ६,२५,००० |
| ९. | वडा नं. ९ | ६ | ५,००,००० | १,२५,००० | ६,२५,००० |
| जम्मा | | ६२ | ४३,००,००० | १०,४२,००० | ५३,४२,००० |

ग). ब्याक्तिगत घटना दर्ता विवरण :

| महिना | जन्म दर्ता | मृत्यू दर्ता | बिवाह दर्ता | सम्वन्ध विच्छेद | बसाई आउने | बसाई जाने |
|---|---|---|---|---|---|---|
| चैत्र | ७० | १६ | ४३ | २ | १६२ | २७ |
| बैसाख | ६८ | १८ | ३३ | १ | १०९ | ४७ |
| जेठ | ७८ | १४ | ५७ | ० | १३९ | २७ |
| असाढ | ४३ | ५ | १६ | ० | ४६ | ११ |
| **जम्मा** | **२५९** | **५३** | **१४९** | **३** | **४५६** | **११२** |

- ✓ मेट्रीक एड्रेसिङ्ग सिस्टममा घरधुरी नम्वरीङ्ग गर्ने काम सम्पन्न भएको छ । जसमा यस नगरमा जम्मा घरजन्न संरचना ९६७८ रहेको छ ।
- ✓ नगरमा भएका सम्पुर्ण वाटोहरुको नामाङ्कनको काम अन्तिम चरण मा रहेको छ ।
- ✓ नगरपालिकामा शहरी स्वास्थ केन्द्र स्थापना सुरु हुन लागेको ।
- ✓ नगर सामाजिक परिचालन समिति द्धारा वडा नागरीक मञ्च संग छलफल तथा सुझाव संकलन कार्य भईरहेको ।
- ✓ यस आर्थिक वर्षमा लक्षित समुदायलाई छुट्याएको वजेट वाट सेवा प्रदायक संस्था छनौट गरी विभिन्न शिप बिकास तालिम संचालनमा रहेको जसमा,

| **जातिगत सहभागिता ( नगरपालिकाको तेस्रो परिसदवाट सृकृत बजेट सहभागिता अनुसार)** | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तालिमको प्रकार | दलित | जनजाति | महिला | अपांग | मधेशी | जम्मा | बजेट | कैफीयत |
| उद्यमशिलता विकास तालिम SIYB (सम्भाव्य उद्यमी) | ० | ३१ | १९ | ० | ० | ५० | १,३०,००० | संचालन हुन वाकी |
| उद्घोषण तालिम (अग्रज महिला नेतृहरूलाई) | ० | ० | २० | ० | ० | २० | ५०,००० | सम्पन्न |
| कागजी थुगा तथा ब्याग/झोला बनाउने तालिम | ० | ० | १५ | ० | ० | १५ | ५०,००० | सम्पन्न |
| ईम्ब्रोइडरी तालिम | ० | ० | १५ | ० | ० | १५ | २,००,००० | संचालनमा रहेको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आधारभुत सिलाई कटाई तालिम तिन महिने | ० | ० | १० | ० | ० | १० | १,००,००० | संचालनमा रहेका |
| मोबाइल मर्मत तालिम ३ महिने | ४ | ६ | ० | ४ | ६ | २० | २,७४,००० | संचालनमा रहेका |
| नेपाली काजग उत्पादन सिप तालिम | ० | २० | ० | ० | ० | २० | ८०,००० | संचालनमा रहेका |
| एडभान्स ब्युटिपार्लर १ महिने तालिम | ० | १५ | ० | ० | ० | १५ | ९०,००० | सम्पन्न |
| हलुका सवारी चालक तालिम | ० | ७ | १३ | ० | ० | २० | ३,०७,१०४ | सम्पन्न |
| बुटिक तालिम | ० | १० | ० | ० | ० | १० | ७४,८२३ | संचालनमा रहेका |
| कम्प्युटर हार्डवेयर तालिम | १० | ० | ० | ० | ० | १० | १,१०,००० | संचालनमा रहेका |
| टि.भि.मर्मत तालिम | ५ | ० | ० | ५ | ० | १० | १,१४,५९८ | संचालनमा रहेका |
| घरेलु तथा साना उद्योग कार्यलयको सहभागितामा मखमल चप्पल बनाउने तालिम | | | २० | | | २० | | सम्पन्न |
| जम्मा | १९ | ८९ | ११२ | ९ | ६ | २३५ | १५,८०,५२५ | |

- ✓ सिप विकास तालिम जम्मा १८५ जाना ।
- ✓ उद्यमशिलता तालिम जम्मा ५० जाना ।

घ). अमिन शाखा कार्य प्रगति :

| कार्य विवरण | सङ्ख्या |
|---|---|
| चार किल्ला प्रमाणित | ६९० |
| घरवाटो सिफारीस | ७१२ |
| घर नक्सा सर्जीवनी | ३५२ |

**ङ).सामाजिक** सुरक्षा भत्ता वितरण विवरण :

| लक्षित समुहको बिवरण | सङ्ख्या | मासिक दर | महिना | जम्मा |
|---|---|---|---|---|
| जेष्ठ नागरीक अन्य | १३६८ | ५०० | ८ | ४७,७२,००० |
| जेष्ठ नागरीक अन्य उपचार खर्च | | ५०० | ८ | ५७,७२,००० |
| दलित जेष्ठ नागरीक | १२२ | ५०० | ८ | ४,८८,००० |
| एकल महिला (६० वर्ष माथि) | २७१ | ५०० | ८ | १०,८४,००० |
| बिधवा महिला (६० वर्ष मुनिका) | ५४० | ५०० | ८ | २१,६०,००० |
| पुर्ष अशक्त अपांगता | ९२ | १००० | ८ | ७,३६,००० |
| आंशिक अशक्त अपाँगता | ४६ | ३०० | ८ | १,१०,४०० |
| ५ वर्ष मुनिका दलित बालवालिका | १७८ | २०० | ८ | २,८४,८०० |
| | २६१७ | | | १,५८,०७,२०० |

च).आगामी आ.व २०७३।०७४ को लागि प्रश्तावित आम्दानि तथा खर्च विवरण :

| प्रश्तावित आम्दानी शिर्षक | अनुमानित बजेट | प्रश्तावित खर्च शिर्षक | अनुमानित खर्च रकम रु |
|---|---|---|---|
| नेपाल सरकार बाट प्राप्त हुने कुल चालु अनुदान | ५५,७३,००० | चालु तथा प्रशासनिक खर्च | १,३१,१४,००० |
| नेपाल सरकारवाट प्राप्त हुने कुल पुँजिगत अनुदान | ३,५३,६६,००० | अन्य कार्यक्रम खर्च | १७,५०,००० |
| जिविस वाट प्राप्त हुने रकम | ३५,००,००० | कार्यक्रम तथा पूजिगत खर्च तर्फ | ४७,००,००० |
| राजश्व वाँडफाँड वाट प्राप्त हुने आय | ३०,००,००० | सार्वजनिक निर्माण सुधार | २,७२,४३,००० |
| नेपाल सरकारवाट प्राप्त हुने अन्य अनुदान | १७,००,००० | लक्षित वर्ग विकास कार्यक्रम | ३८,५२,७५४।५० |
| गत सालको मौज्दात | ० | प्रवर्द्धनात्मक विकास कार्यक्रम | २८६२०४६।२० |
| आन्तरिक श्रोतको जम्मा | १,४४,९१,५०० | पुर्वधार विकास कार्यक्रम | ४२९३०६९।३० |
| | | गत वर्षको भुक्तानी | १,५०,००० |
| | | अन्य तर्फ | ७,०२,६३० |
| | | सामाजिक परिचालन | १९,७३,००० |
| कुल जम्मा | ६,०६,४०,५०० | कुल जम्मा | ६,०६,४०,५०० |

५. तपशिल बमोजिमका व्यक्तिहरुले प्रश्न सोधे र उत्तर नगरपालिका तथा राजनैतिक दलका प्रमुखहरुले दिनु भएको थियो ।

| प्रश्नकर्ताको नाम तथा ठेगाना | सहभागीको प्रश्न, सल्लाह, सुझाव तथा गुनासो | जवाफ दिने पदाधिकारीको नाम तथा पद | संक्षिप्त जवाफको व्यहोरा |
|---|---|---|---|
| जित वहादुर खत्रि (पसुपति समाज सेवा केन्द्र सचिव) | उर्लावारी नपा मा सरकारी सेवा केन्द्र स्थापना सम्वन्धमा के प्रकृया हुदैछ ? | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | यस कार्यको लागि सम्वन्धित निकायमा पहलकदमी भईरहेको छ । |
| राम थापा (उर्लावारी ६, मंगलवारे) | नगरभित्रका मुख्य चोकमा पर्ने महेन्द्र राजमार्गको उत्तर, दक्षिण ठुला ढल निकास बनाउने काममा नगरपालिकाको ध्यान किन जान नसकेको हो ? | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | बिकास निर्माणका कार्य सवै सकै पटक सम्पन्न गर्न सम्भव नहुने भएको हुदा प्रथामीकला आधारका महेन्द्र राजमार्गको उत्तर, दक्षिण ठुला ढल बनाउन कार्य गर्न नसकीएको हो स आगामी दिनमा पकै पनि यि योजनाहरु कार्यन्वयन हुनेछन् । |
| सुरविर कार्की (उर्लावारी ४) | वडा नागरीक मञ्च ४ ले पहलमानचोक देखि कुलुङ्ग चोक राजघाट सिमाना सम्म १ कि.मी. बाटोमा ड्रेन निर्माण गर्न बजेट माग गरेकोमा हाल सम्म सुनवाई हुन सकेको छैन किन ? | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | आगामा वर्षको योजनामा प्रथामीकता साथ कार्यन्वयन गर्न वजेट बिनीयोजन गर्न पहल गर्नुहोस, आउने वर्ष कार्यन्वयन गर्न सकिन्छ । |
| ज्ञान प्रसाद निरौला (वडा नागरीक मञ्च १) | फोहोरमैला ब्यावस्थापन शुल्कमा जनताले पत्रपत्रिकामा प्रकासित रेट भन्दा वढि शुल्क तिर्न परेको छ झुप्रे घर र ठुला घरको शुल्क किन समान लिईन्छ ? | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | वास्तवमा यस कार्यको जिम्मा पाएको कम्पनिले यस किसिमको कार्य गरेको भए तत्काल बुझी आवस्यक निर्देश गर्ने छु । |
| भिम वहादुर राउत (सप्तरंगी टोल खानेपानी तथा सरसफाई अध्यक्ष) | सामान्य टिनको छानो भएका पुरानो घर नक्सा पास गर्न १२ देखि १५ हजार सम्म खर्च लाग्ने गरेको छ, यो सुल्क महङ्गो भएन र ? | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | कन्सल्टेन्सि मार्फत काम गराउदा सुल्कमा मनोमानी गरेको हुन सक्छ, नक्सा बनाउने भन्दा अन्य कार्य सम्पुर्ण सम्वन्धित ब्याक्ति आफै संलग्न भएर गरेमा तोकिए भन्दा वढि शुल्क तिर्न पर्दैन । |
| कमल सिंह काकी (उर्लावारी ४, कार्यसमीति सदस्य, जिवन वचाउ उपचार सेवा गृह ) | जिवन वचाउ उपचार सेवा गृहले बनाएको भवन छेउमा मावा खोलाले कटान सुरु गरेकोले तत्काल तारजालि, ढुङ्गाले बाध बाधी क्षति रोकथाम गर्न सहयोग माग गर्दछु | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | यस विषयमा राजनैतिक दल संग छलफल तथा अनुगमन गरी आवस्यक प्रकृया अगाडि वढाउनेछु ।यस विषयमा राजनैतिक दल सँग समेत आवस्यक छलफल भईरहेकोले चाडै समस्या समाधान हुनेमा बिश्वस्त छु । |
| भविन्द्र विक्रम वल (उर्लावारी सिटी सफारी मजदुर संघ सचिव ) | उर्लावारी नपा मा संचालनमा रहेका सिटी सफारी लाई बृलु बुक उपलब्ध गराई वैधानीक रुप दिन सकिन्छ की सकिन्न ? | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | यसको लागि यातायात कार्यालयले सुचना जारी गरेको हुदा सो वमोजिम नै गर्नहुन अनुरोध छ । |

| | | | |
|---|---|---|---|
| भक्त वहादुर बि.क. , उर्लावारी | उर्लावारी १, आईतवारे खोर्सानीवारी वाटोनिर्माण कार्यको अनुगमन राम्रो नभएको महसुस भएको छ ? | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | निरन्तर रुपमा आफुनै फील्डमा गई वाटो अनुगमन गर्ने काम भएको छ । कुनै समस्या भएमा जानकारी होस, समाधनाको लागि पहल कार्यालयले गर्नेछ । |
| बिरेन्द्र राय, उर्लावारी ६ वाटो निर्माण उपभोक्त अध्यक्ष | बिकास निर्माणको कार्यमा छुट्याएको वजेट समयमा काम सम्पन्न नभएका फ्रीज नहोस भन्न अपेक्षा गर्दछु । | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | वजेट नगरपालिकाको खातामा नै रहने भएको हुदा फीर्ता जानेछैन । |
| लेखनाथ भट्राई (सल्लाहाकार पेप्सन मोरंग) | नगर शिक्षा समितिमा निजि विद्यालयहरुको सहभागिता सुनिश्चित गर्न के कारणले नसकीएको हो ? | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | कार्यविधीमा यसको ब्यावस्था नभएको हुदा कार्यविधीमा उल्लेख भएर आए सहभागिता सुनिश्चित गरीनेछ । |
| रेनुका भट्राई (उर्लावारी १) | लक्षित महिलाको लागि छुट्याएको वजेट के बास्तवमा लक्षित महिला सम्म पुगेको छ त ? | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | १५ दिन सम्मको सुचना जारी गरी आवेदन माग गरी लक्षित समुदाय र नगरपालिका दुवैले सहकार्य गरी सहभागी छनोट गरेको हुदा लक्षित समुदायमा कार्यक्रम पुगेको छ, नगरको जनसङ्ख्या धेरै भएको हुदा सवैमा नपुग्नु स्वभाविक हो । |
| राजेन्द्र पौडेल (ए माओवादी केन्द्र नगर अध्यक्ष) | सहरी स्वास्थ केन्द्रमा यच. ए. नराखेर किन अनमी राखेको ? छनौटमा दलिय सहमति हो की हैन ? | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | जिल्ला जनस्वास्थ कार्यलयको नियम परिधीमा रही छनौट भएकोले कुनै राजनैतिक सहभती भएको छैन । |
| नयाँ सिटी सफारी मजदुर तर्फवाट | हाल नयाँ सिठी सफारी संचालनमा रोक लगाईएकोले हामी मजदुरको गरी खाने बाटो वन्द भएको छ, नगरपालिका ले गरी खाने उचित वातावरण सिर्जना गरीदिए हुनेथियो । | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | यातायात कार्यलयले मात्र यस विषयमा काम गर्ने अधिकार लिएको हुदा कार्यलयको तर्फपाट सोही कार्यालयको ब्यवस्था अनुरुपमात्र काम गर्न सक्ने छ । |
| संजिव बुढाथोकी (मंगलवारे यूवा समाज, अध्यक्ष) | बिकास योजना कार्यमा राजनैतिक दलले आवस्यक अनुगममन तथा पृष्टपोषण नगरेको अवस्था छ किन ? | श्री विरवल थापा ( नेपाली कंग्रेस नगर सभापति) | बास्तवमा हामीले यो कार्य गर्न सकेको छैन, तत्काल अनुगमन को कार्य सुरु गर्नेछौ । |
| गंगा प्रशाद चापागाई (उर्लावारी ८, जेष्ठ नागरीक नगर समन्वय समिति अध्यक्ष ) | जेष्ठ नागरीकलाई बिजुलि विल तिर्दा लामो समय सम्म लाईन वस्न समस्या हुने गरेको छ, जेष्ठ नागरीकलाई यसको लागि नगरपालिकाको तर्फवाट विषेश पहल होस् । | श्री सुवास श्रेष्ठ (कार्यकारी अधिकृत, उर्लावारी नगरपालिका) | यसको लागि आवस्यक पहल हुनेछ । |

## ६. सहभागीहरुले राखेका जिज्ञासा, प्रतिकृया तंथा त्यसको जवाफ :

कार्यक्रमको समापन सत्रमा कार्यक्रमका सभाध्यक्ष कार्यालय प्रमुखले लामो समयदेखिको जनप्रतिनिधिविहिन अवस्थामा सेवालाई प्रभावकारी बनाउन नसकेको अनुभव सुनाउनुभयो । नागरीकहरुबाट आएका राम्रा राम्रा सल्लाह तथा सुझावलाई आत्मसाथ गरी अगामी दिनहरुमा योजनाबद्ध तरीकाले कार्यक्रमहरु संचालन गर्ने प्रतिबद्धता जाहेर गर्नु भएको थियो । संचालित योजनाको मुल्यांकन निरन्तर रुपमा कार्यालयको तर्फवाट भर्यरहेको कुरा जानकारी दिनु भयो । परिषदबाट पारित योजनाहरुलाई समयमा नै गर्ने परिपाटीको विकास गरीन्छ । महिलाहरुका लागि रहेको कार्यक्रमको बजेट लक्षित स्थानमानै खर्च भएको ब्योहोरा जानकारी गराउनुभयो । सडक, बत्ती , तथा महिलाका समस्यालाई प्राथमिताको आधारमा समाधान गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्नु भएको छ ।

सार्वजनिक सुनुवाइ कार्यक्रमको उद्देश्य नागरीक र नगरपालिका बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरीकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको छ । सार्वजनिक सुनुवाइ नगरवासीहरुको नगरपालिकाको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार हो जुन उर्लावारी नगरपालिकाले स्थापना देखिनै गर्दै आएको छ ।

अन्त्यमा कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा गुनासाहरुलाई ग्रहण गरी अगामी दिनहरुमा यथासम्भव सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै ककार्यक्रमको समापन भयो ।

## ७. नगरपालिकाको कार्यालयले निरन्तरता दिनपर्ने राम्रा कुराहरु :

- ✓ जनताको छिटो छरीतो सेवा प्रदान गर्ने गरेको ।
- ✓ विकास निमार्णका कार्यहरु निरन्तर कार्य गर्ने गरेको ।
- ✓ कर्मचारीमा मैत्रीपूर्ण व्यबहार रहेको ।
- ✓ पूर्व योजना तथा निति नियम अनुसार कार्य गरेको ।
- ✓ नागरीक वडा पत्रलाई आत्मसाथ गरी कार्य सम्पादन गरेको ।

## ८. सुधार गर्नु पर्ने कुराहरु

- ✓ अव निमार्ण गरीने भवन बाल तथा अपागं मैत्री भवन निमार्ण गरीएमा राम्रो हुने ।
- ✓ स्थानीय निकायको हालको कार्य नितिलाई निरन्तरता दिने ।
- ✓ नागरीक बडा पत्रलाई सवैले देख्ने ठाउमाराखी सेवा ग्रहीलाई सुचित गर्ने ।
- ✓ कार्यलयमा प्रविधीक तर्फका कर्मचारीको थप पद सिर्जना गरी काम छिटो, छरीतो र ब्यावस्थित वनाउन पर्ने ।

## ९. सहभागि उपस्थिती बिवरण तस्विर :



आज मिति २०७३।३।२० गते सोमबारका दिन उर्लाबारी नगरपालिका कार्यकारी अधिकृत श्री सुवास श्रेष्ठको अध्यक्षतामा उर्लाबारी नगरपालिकाको तेस्रो चौमासिक - को सार्वजनिक सुनवाई "स्थानिय निकाय सार्वजनिक सुनवाई कार्यविधि २०६६" मा उल्लेखित व्यावस्था - अनुसार तपसिल बमोजिम उपस्थितीमा सम्पन्न गरियो :

उपस्थिती :







| क्र.सं. | नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १२५ | राम थापा | उर्लाबारी-६ | |
| १२६ | शिव कुमार भण्डारी | उर्लाबारी-६ | |
| १२८ | हरिगोविन्द भट्टराई | उर्लाबारी-४ | |
| १२९ | केशव [illegible] | [illegible]-४ | |
| १३० | बुद्धि प्र. राई | वडा नं. ९ | |
| १३१ | श्यामनाथ ढुंगाना | मैत्री महाकाली [illegible] | |
| १३२ | भीम प्रसाद भट्टराई | [illegible] | |
| १३३ | घनश्याम भण्डारी | | |
| १३४ | राजन पाठक | उर्लाबारी-४ | |
| १३५ | [illegible] | उर्लाबारी-२ [illegible] | |
| १३६ | [illegible] | -७ | |
| १३७ | तिलक रोका | [illegible] नं.६ | सुमिला |
| १३८ | सुनिता नेपाल | प्रा.स्वा. उर्लाबारी नपा | |
| १३९ | कमला [illegible] | उर्लाबारी न.पा.का प्रमुख | |
| १४० | बसन्त पौडेल | " " ४ | |
| १४१ | गणेश [illegible] | [illegible]-५ | |

आजको यस तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सहभागीहरुको तर्फबाट सम्बन्धित सरोकारवालालाई लक्षित जिज्ञासा तथा सुझावहरु सौहार्दपूर्ण वातावरणमा सोधिने र जिज्ञासाहरूलाई सम्बन्धित पदाधिकारीले जवाफ दिने काम भयो। र सुझावहरुलाई सम्बन्धित सरोकारवालाले ग्रहण गरी यस कार्यक्रमको प्रतिवेदन तयार गरी कार्यालयमा बुझाउने र प्रतिवेदनमा औंल्याएको विषयवस्तु कार्यालयमा कार्यान्वयनको लागि पेश गर्ने निर्णय गरियो।

<table>
<tr>
<td>
</td>
<td></td>
</tr>
<tr>
<td>कार्यक्रममा प्रयोग भएको ब्यानर</td>
<td>कार्यक्रममा सहभागीहरु</td>
</tr>
<tr>
<td>
</td>
<td></td>
</tr>
<tr>
<td>कार्यक्रममा उठेका जिज्ञासाको उत्तर दिँदै कार्यलय प्रमुख श्री सुवास श्रेष्ठ ज्यू, ।</td>
<td>कार्यक्रममा सहभागी राजनैतीक दलका प्रमुखहरु ।</td>
</tr>
</table>